# नेपाल विद्युत प्राधिकरण

आयोजना विकास निर्देशनालय

सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग

मातातीर्थ, काठमाण्डौ

## सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०४।०४

यस सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभागको लागि आ.व. २०८३/८४ मा आवश्यक पर्ने तपशिल बमोजिमका परामर्श सेवा, निर्माण सेवा, आपूर्ति/सप्लाई एवं मर्मत सम्भार सम्वन्धी कार्य गर्न नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली २०६८ (संशोधन सहित) को विनियम ९१ मा व्यवस्था भए अनुसार मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, कम्पनी, फर्म वा सप्लायर्स र तालीम गोष्ठि सञ्चालन प्रयोजनको लागि गैह्रसरकारी संस्था समेतले व्यवसाय दर्ताको प्रमाण पत्र, मू.अ.कर (VAT) को प्रमाणित प्रतिलिपीका साथै सार्वजनीक खरिद कार्यका लागि अयोग्य नभएको, पेशागत कसुर सजाय नलागेको तथा कालो सूचीमा नपरेको व्यहोराको स्वघोषणा गरी फर्मको नाम, ठेगाना र सम्पर्क नं. समेत उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले दिन चाहेको सेवा खुलाई छुट्टाछुट्टै निवेदन सहित ***नेपाल विद्युत प्राधिकरण, सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग, चन्द्रागिरी न.पा.-८, मातातीर्थ, काठमाण्डौमा*** देहाय बमोजिम सूची दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यस विभागको सूचना पाटीमा समेत यस सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

तपसिलः

*(क) आपूर्ति/सप्लाई एवं मर्मत सम्भार सेवा :*

१. स्टेशनरी तथा मसलन्द सामानहरु खरिद तथा छपाई
२. फर्निचर तथा फिक्चर्स
३. पिउने पानी आपूर्ति
४. सवारी साधनका पाटपूर्जा खरिद तथा मर्मत
५. भौतिक सम्पत्तिको मर्मत तथा रंगरोगन
६. विज्ञापन प्रकाशन तथा प्रसारण सेवा
७. कम्प्युटर/ईन्टरनेट सेवा तथा सोको मर्मत कार्य
८. पत्रपत्रिका आपूर्ति सम्वन्धी कार्य
९. विविध

*(ख) परामर्श सेवा :*

समूह (१) : वातावरणीय अध्ययन तर्फ : वातावरणीय अध्ययन कार्यको लागि आवश्यक कार्यसूची (ToR) तथा क्षेत्र निर्धारण (Scoping) सम्बन्धी कार्य, संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वन्यजन्तु, चराचुरुङ्गी एवं जैविक विविधता सम्वन्धि विषयगत अध्ययन कार्य ।